# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५० अङ्क ११ साउन २०८३ जुलाई-अगस्ट २०२६


# आ.व. २०८३/८४ को मौद्रिक नीति सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति असार २३ गते जारी गरेको छ। गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले बालुवाटारस्थित आफ्नो कार्यकक्षबाट सोही दिन उक्त नीति सार्वजनिक गर्नुभएको हो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भएयताको यो पच्चीसौं मौद्रिक नीति हो।

## मौद्रिक नीतिको कार्यदिशा

उच्च आर्थिक वृद्धिको लक्ष्यमा सहयोग पुऱ्याउन न्यून-लागत अर्थतन्त्र कायम राखी निजी क्षेत्रको मनोबल उच्च राख्न यसअघि लिइएको 'सजगतापूर्वक लचिलो कार्यदिशा'लाई निरन्तरता दिइएको नीतिमा उल्लेख छ। बाह्य दबाबका कारण मुद्रास्फीतिमा केही चाप परेको भए तापनि अगामी दिनमा क्रमश: सहज हुँदै जाने अपेक्षा मौद्रिक नीतिमा गरिएको छ। त्यसका निम्ति हाल विदेशी विनिमय सञ्चितिको स्थिति सुविधाजनक र समष्टिगत आर्थिक परिदृष्य अनुकूल रहेको बैंकले जनाएको छ।

## नीतिको संरचना र लक्ष्य

आर्थिक वर्ष २०८३/८४ मा ५.५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति कायम राख्ने लक्ष्य मौद्रिक नीतिले राखेको छ। यसै गरी, कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुनेगरी विदेशी विनिमय सञ्चिति कायम राख्दै सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न आवश्यक मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने नीतिमा उल्लेख छ। मौद्रिक नीति सार्वजनिक गर्ने क्रममा गभर्नर पौडेलले यस वर्ष निजी क्षेत्रतर्फ ११ प्रतिशतले कर्जा विस्तार र १४ प्रतिशतले विस्तृत मुद्रा प्रदाय विस्तार हुने प्रक्षेपण गरिएको जानकारी दिनुभयो।

भारतीय मुद्रासँगको स्थिर विनिमय दरलाई मौद्रिक नीतिको अङ्कुशको रूपमा लिइँदै आएकोमा यसलाई अन्तरिम लक्ष्यको रूपमा यथावत् राखिएको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा रहेको भारित औसत अन्तरबैंक दरलाई यथावत् राख्दै उक्त दरलाई नीतिगत दरको हाराहारीमा कायम हुनेगरी खुला बजार कारोबार सञ्चालन गरिने नीतिमा उल्लेख छ। 'यसका लागि तरलताको प्रकृतिअनुसार संरचनागत र नियमित तथा आकस्मिक तरलता व्यवस्थापनका लागि भिन्न अवधिका उपकरणहरू प्रयोग गरिनेछ।' नीतिमा भनिएको छ।

## मौद्रिक उपकरण

मौद्रिक नीतिमा ब्याजदर करिडोर अन्तर्गतका नीतिगत दर, स्थायी निक्षेप सुविधा दर र बैंकदरलाई यथावत् राखिएको छ। साथै, अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ। विदेशी मुद्रा खरिदमार्फत हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैंकहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गरिने नीतिमा उल्लेख छ। साथै, विदेशी मुद्रा खरिदकै बखत 'स्टेरलाईज्ड इन्टरभेन्सन'को नीतिगत व्यवस्था गरिने जनाइएको छ।

## समष्टिगत विवेकशील नियमन र वित्तीय स्थायित्व

अर्थतन्त्रको कुनै क्षेत्रमा प्रणालीगत जोखिमका सङ्केतहरू देखापरेमा समष्टिगत विवेकशील नियमनका औजारहरू प्रयोग गर्ने अभ्यासलाई निरन्तरता दिइने नीतिमा उल्लेख छ। मौद्रिक नीतिको प्रसारलाई थप प्रभावकारी बनाउन वित्तीय क्षेत्र सुधार र बैंक तथा वित्तीय संस्थाको शाखा व्यवस्थापन तथा डिजिटाइजेसनमार्फत वित्तीय लागत न्यून गराई सोको प्रतिफल ग्राहकमा हस्तान्तरण गरी उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर अभिवृद्धि गर्दै लैजाने नीति लिइनेछ।

बैंक तथा वित्तीय संस्थाको वर्गीकरणसम्बन्धी अध्ययन सम्पन्न गरी तिनलाई लक्षित कार्यक्षेत्रमा सेवा विस्तारका लागि प्रोत्साहन गर्ने नियामकीय व्यवस्था क्रमश: लागु गरिने नीतिमा उल्लेख छ। कर्जाको सुरक्षणस्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउन र चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्न नीतिगत व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ। साथै, रुग्ण उद्योगमा रहेका निष्क्रिय कर्जाको व्यवस्थापन गर्न, दबाबमा रहेका कर्जाको पुनरुत्थान गर्न, संस्थाको सबलताका आधारमा सेयर धितो कर्जा सीमा निर्धारण हुने

र सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठुला विद्युतीय सवारी साधनको कर्जा मूल्य अनुपात सहजीकरण हुनेगरी आवश्यक नीतिगत व्यवस्था गरिने जनाइएको छ।

सरल नियमन र सुदृढ सुपरिवेक्षण कार्यलाई मध्यनजर राख्दै भाषागत जटिलता र दोहोरोपना हटाई बैंक तथा वित्तीय संस्थालाई जारी गरिएका निर्देशन र विदेशी विनिमय कारोबार गर्ने संस्थालाई जारी गरिएको एकीकृत परिपत्रलाई सरलीकरण गर्दै लगिनेछ। व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणालीमा आधारित 'पियर टु पियर लेनदेन' सञ्चालन गर्ने सम्बन्धमा अध्ययन गरिने घोषणा मौद्रिक नीतिले गरेको छ। नेपाल सरकारले जारी गरेका राष्ट्रिय प्रतिबद्धता, शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची एवम् बजेट वक्तव्यमा उल्लेख भएका राष्ट्र बैंकसँग सम्बन्धित कार्यक्रमलाई कार्यान्वयन गर्दै लगिने नीतिमा उल्लेख छ।

### भावी मार्गदर्शन

बाह्य दबाबका कारण मुद्रास्फीतिमा केही चाप परेको भए तापनि आगामी महिनादेखि यसको दबाब कम हुँदै जाने अपेक्षा नेपाल राष्ट्र बैंकले गरेको छ। मुद्रास्फीतिको दबाब विस्तारै सहज हुने देखिएकोले यस वर्ष समग्र मूल्यस्थिति बैंकले अनुमान गरेको सीमाभित्रै रहने अपेक्षा बैंकले गरेको छ। तथापि, मुद्रास्फीति बढ्दै गएमा र यथेष्ट तरलताबाट सार्वजनिक तथा निजी क्षेत्रले अपेक्षित लाभ लिन नसकेमा एवम् समष्टिगत आर्थिक स्थायित्वमा चुनौती देखिन थालेमा मौद्रिक नीतिको कार्यदिशामा पुनरावलोकन गरिने घोषणा नीतिले गरेको छ। साथै, विद्यमान ब्याजदर करिडोरलाई आवश्यकताअनुसार क्रमश: साँघुरो बनाउँदै लगिने नीतिमा उल्लेख छ।

बैंकले लिएका समष्टिगत नियमनका औजारलाई अत्यावश्यक अवस्थामा बाहेक परिमार्जन नगरिने नीति लिइने र यसबाट नीतिगत स्थिरता कायम भई बजारको अपेक्षा व्यवस्थित हुँदै जाने आकलन मौद्रिक नीतिमा गरिएको छ।

मौद्रिक नीति सार्वजनिकपश्चात् बैंक परिसर, बालुवाटारमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो। सो अवसरमा बैंकका प्रवक्ता एवम् गभर्नरको कार्यालयका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिका विविध पक्षबारे जानकारी दिँदै सञ्चारकर्मीबाट राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो।

बैंकका सह-प्रवक्ता सुधा श्रेष्ठले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

## पूर्व गभर्नरहरूसँग अन्तरक्रिया

आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति तर्जुमाको सिलसिलामा असार २१ गते नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा पूर्व गभर्नरहरू डा. तिलकबहादुर रावल, दीपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री, डा. युवराज खतिवडा, डा. चिरञ्जीवी नेपाल र महाप्रसाद अधिकारीको उपस्थिति थियो। सो अवसरमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले अधिक तरलता र न्यून ब्याजदरका बाबजुद कर्जा प्रवाह न्यून रहेको उल्लेख गर्दै आर्थिक गतिविधि सुधारका निम्ति मौद्रिक नीतिमार्फत गर्न सकिने उपायबारे सुझाव दिन पूर्व गभर्नरहरूसँग अनुरोध गर्नुभयो।

सो अवसरमा पूर्व गभर्नरहरूले राष्ट्र बैंकका आफ्नै सीमाहरू रहेको उल्लेख गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको प्रयास मात्र पर्याप्त नहुने धारणा राख्नुभयो। आर्थिक गतिविधि विस्तारका निम्ति समग्र मागमा सुधार ल्याउन र लगानीकर्ताको मनोबल बढाउन सरकारको भूमिका बढी महत्त्वपूर्ण हुने उहाँहरूको विचार थियो।

डिजिटल भुक्तानी कारोबारको वृद्धिसँगै साइबर सुरक्षा चुनौती बढ्दै गएको उल्लेख गर्दै पूर्व गभर्नरहरूले त्यसलाई गम्भीरतापूर्वक लिइनुपर्ने सुझाव दिनुभयो। सहकारी क्षेत्रको नियमनका निम्ति अलग्गै संरचना तयार भइसकेको सन्दर्भमा सहकारी संस्थाको नियामकीय र सुपरिवेक्षकीय भूमिकाबाट राष्ट्र बैंक अलग हुनुपर्नेमा उहाँहरूको साझा मत थियो। एफएटीएफको 'ग्रे-लिस्ट'बाट बाहिर निस्कनका निम्ति बैंकिङ क्षेत्रको भूमिका, सम्पत्ति शुद्धीकरण निवारणका विषय, कर्जा लगानीको विविधीकरण, सम्पत्ति व्यवस्थापन कम्पनीको आवश्यकता लगायतका विषयमा उहाँहरूले आ-आफ्नो धारणा राख्नुभयो। वित्तीय स्थायित्वलाई दृष्टिगत गर्दै राष्ट्र बैंकले मौद्रिक नीति र अन्य नीतिगत व्यवस्था अवलम्बन गर्नुपर्ने सुझाव पूर्व गभर्नरहरूबाट प्रस्तुत भएको थियो।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी दिनुभएको थियो। ■

# मौद्रिक नीतिको तर्जुमासम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले असार १८ गते काठमाडौंमा मौद्रिक नीति तर्जुमाको सिलसिलामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा. डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा गभर्नर पौडेलले बजारमा पर्याप्त तरलता रहेको, बाह्य क्षेत्र सुदृढ रहेको र मुद्रास्फीति लक्ष्यअनुरूप सीमाभित्र रहेको बताउनुभयो। आर्थिक वर्ष २०८३/८४ मा कर्जा प्रवाह र निजी क्षेत्रको लगानी विस्तारलाई परिणाममुखी ढङ्गले अघि बढाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो। साथै, सिमेन्ट र स्टिल जस्ता उच्च प्रतिफल दिने उत्पादनमूलक उद्योगमा लगानी अभिवृद्धि र मानव पुँजी विकासमार्फत उच्च आर्थिक वृद्धि हासिल गर्नुपर्ने धारणा गभर्नर पौडेलले व्यक्त गर्नुभयो।

डेपुटी गभर्नर किरण पण्डित समेत उपस्थित कार्यक्रममा बैंकका विभिन्न विभागका कार्यकारी निर्देशकसँगै बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, उद्योग वाणिज्यसम्बद्ध संघ सङ्गठन, औद्योगिक प्रतिष्ठान, विभिन्न कोष, ऊर्जा उत्पादक संघका प्रतिनिधि, निर्माण व्यवसायी, पर्यटन व्यवसायी, घर-जग्गा व्यवसायी, गैर-बैंकिङ वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक संस्थाका प्रतिनिधि, अर्थविद् लगायतको सहभागिता थियो।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीका तर्फबाट आर्थिक शिथिलतालाई मध्यनजर राख्दै खराब कर्जाको व्यवस्थापन गर्नुपर्ने, चालुपुँजी कर्जा मार्गदर्शन परिमार्जन गर्नुपर्ने, नीतिगत स्थिरता हुनुपर्ने, क्षेत्रगत कर्जासम्बन्धी व्यवस्था परिमार्जन हुनुपर्ने, कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण हुनुपर्ने, पुनरकर्जा र सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिनुपर्ने सुझाव प्राप्त भएको थियो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले अर्थतन्त्रको वर्तमान अवस्था र मौद्रिक नीति तर्जुमाको पृष्ठभूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा विभागका निर्देशक डा. गुणराज भट्टले अन्तरक्रिया कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक आदित्य पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बैंकिङ कानुनसम्बन्धी अन्तरक्रिया कार्यक्रम

कानुन महाशाखाले असार २३ गते काठमाडौंमा 'बैंकिङ कानुन' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलको प्रमुख आतिथ्य र गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको विशिष्ट आतिथ्यमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा मुख्य रजिष्ट्रार पौडेलले मुलुकको आर्थिक विकासको निम्ति वित्तीय क्षेत्रको योगदान महत्त्वपूर्ण हुने उल्लेख गर्दै वित्तीय प्रणालीको नियमन र सुदृढीकरणमा राष्ट्र बैंकको भूमिका प्रशंसनीय रहेको बताउनुभयो। बैंक तथा वित्तीय क्षेत्रका कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट यस क्षेत्रमा सुशासन कायम हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

सो अवसरमा गभर्नर पौडेलले सबल र सक्षम अर्थतन्त्र निर्माणमा बैंकिङ क्षेत्र र न्यायालयको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्दै वित्तीय स्थायित्वका निम्ति दुई क्षेत्रबीच समन्वयकारी सम्बन्ध हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा बैंकिङ कानुन, न्यायिक दृष्टिकोण, नियामकीय र सुपरिवेक्षकीय कामकारबाहीसँग सम्बन्धित दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। सर्वोच्च अदालतका सह-रजिष्ट्रार दीपक भण्डारीले 'बैंकिङ कानुन र अदालती दृष्टिकोण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले बैंकिङ क्षेत्रसम्बद्ध कानुनी व्यवस्था, बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरण तथा तिनको अनुसन्धान, अभियोजन र सजायसम्बन्धी व्यवस्था, बैंकिङ कसुरसम्बन्धी प्रतिपादित नजिर लगायतका विषयमा जानकारी दिनुभयो। यसै गरी, बैंक सुपरिवेक्षण विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले 'बैंकिङ प्रणालीको नियमन र सुपरिवेक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्दै कानुनी र नियामकीय संरचना, सुपरिवेक्षणका अभ्यास र प्रक्रिया, वित्तीय क्षेत्रका जोखिम र विद्यमान समस्याबारे चर्चा गर्नुभयो।

कार्यक्रममा डेपुटी गभर्नर किरण पण्डित, विभिन्न विभागका कार्यकारी निर्देशक र निर्देशक, सर्वोच्च अदालत र उच्च अदालतका अधिकृतहरूको उपस्थिति थियो। सो अवसरमा कानुन महाशाखाका निर्देशक नीरा ताल्चाभडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# गभर्नर पौडेल 49th SAARCFINANCE Governors' Group Meeting and Symposium मा सहभागी

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल २०८३ असार २५ र २६ गते भुटानको पारोमा आयोजित '49th SAARCFINANCE Governors' Group Meeting and Symposium' मा सहभागी हुनुभयो।

बैठकको पहिलो दिन भुटानका अर्थमन्त्री ल्यान्पो लेके दोर्जीले उद्घाटन मन्तव्य र रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर याङ् चेन सोग्यलले स्वागत मन्तव्य राख्नुभयो। बैठकका क्रममा 'Advancing Regional Financial Integration through Digital Payment Connectivity and Innovation' विषयमा प्यानल छलफल भयो। सो छलफलमा गभर्नर पौडेलसँगै भुटान र श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नर र रिजर्व बैंक अफ इण्डियाका डेपुटी गभर्नर सहभागी हुनुहुन्थ्यो।

सो अवसरमा गभर्नर पौडेलले पछिल्लो समय नेपालमा भएका विद्युतीय भुक्तानी प्रणालीको विकास र अन्तरदेशीय भुक्तानीमा भएका प्रयासबारे जानकारी दिनुभयो। बैठकको दोस्रो सत्रमा सहभागी केन्द्रीय बैंकका प्रतिनिधिका तर्फबाट 'Enablers and Challenges in Advancing Cross Border Payment Interoperability' विषयमा प्रस्तुति दिइएको थियो। सो क्रममा यस बैंकका तर्फबाट भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले नेपालको अन्तरदेशीय भुक्तानीको स्थितिबारे प्रस्तुति दिनुभयो।

बैठकको दोस्रो दिन SAARCFINANCE Governors' Group Meeting सम्पन्न भयो। सो अवसरमा सार्क क्षेत्रका केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर र अन्य प्रतिनिधिको सहभागिता थियो। बैठकलाई सम्बोधन गर्दै गभर्नर पौडेलले हाल नेपालमा राजनीतिक स्थायित्व कायम रहेको उल्लेख गर्दै बाह्य क्षेत्र र वित्तीय क्षेत्र स्थायित्वको अवस्था सबल रहेको जानकारी दिनुभयो। तथापि, अन्तर्राष्ट्रिय भूराजनीतिक प्रभावका कारण मूल्यस्थितिसँगै समग्र अर्थतन्त्रमा चुनौती कायमै रहेको उहाँको भनाइ थियो। बैठकमा सहभागी अन्य केन्द्रीय बैंकका प्रतिनिधिका तर्फबाट आ-आफ्नो मुलुकको आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी दिइएको थियो। बैठकका क्रममा सार्क क्षेत्रमा अन्तरदेशीय भुक्तानी प्रणालीको सबलीकरणका निम्ति सहभागी गभर्नरहरूले जोड दिनुभएको थियो।

बैठकमा सार्क क्षेत्रमा जलवायु लगानी तथा दिगो विकास, वित्तीय समावेशीकरण, सार्क मुलुकबीच 'करेन्सी स्वाप'को ढाँचा, साझा अनुसन्धान र तथ्याङ्क प्रणाली, सार्क छात्रवृत्ति र आगामी कार्यदिशाका विषयमा सहभागीहरूबीच छलफल भएको थियो।

बैठकका दौरान गभर्नर पौडेलले भुटानका अर्थमन्त्री दोर्जीसँग अलग्गै भेटवार्ता गर्नुभएको थियो। बैठकमा सहभागी भई गभर्नर पौडेल असार २८ गते स्वदेश फर्कनुभयो। बैठकमा गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारी र उप-निर्देशक स्वेच्छा शाक्यसमेत सहभागी हुनुहुन्थ्यो।

'SAARCFINANCE' दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकका गभर्नर तथा अर्थ सचिवहरूको सञ्जाल हो। सार्क राष्ट्रबीच समष्टिगत आर्थिक नीतिको विषयमा छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा 'SAARCFINANCE' को स्थापना भएको थियो। सन २००२ जनवरीमा काठमाडौंमा सम्पन्न 'एघारौं सार्क शिखर सम्मेलन' ले 'SAARCFINANCE' लाई औपचारिक मान्यता दिएको थियो। ■

# 'व्यवस्थापन गोष्ठी-२०८३' सम्पन्न

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असार २० र २१ गते काठमाडौंमा 'व्यवस्थापन गोष्ठी-२०८३' आयोजना गऱ्यो। आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल, डेपुटी गभर्नर किरण पण्डित, सञ्चालक समितिका सदस्यहरू चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डेको उपस्थितिमा आयोजित उक्त गोष्ठीमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो।

कार्यक्रममा गभर्नर पौडेलले बैंकका सबै निर्णय प्रक्रिया उच्च व्यवस्थापनसम्म लैजान आवश्यक नरहेको उल्लेख गर्दै कामकारबाहीलाई विकेन्द्रिकृत गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो। बैंकको वार्षिक कार्ययोजनामा नवीनतम र रचनात्मक प्रकृतिका कार्यक्रमहरू समेटिनुपर्नेमा उहाँले जोड दिनुभयो। बैंकका कर्मचारीको तालिम र विकासलाई प्राथमिकता दिँदै उनीहरूको मनोबल बढाउनुपर्ने धारणा समेत उहाँले राख्नुभयो।

डेपुटी गभर्नर किरण पण्डितले पहिलो र दोस्रो दिनको व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो। व्यावसायिक सत्रमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र विभिन्न महाशाखा, इकाइ, प्रदेशस्थित कार्यालयका निर्देशकहरूले आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। विभागीय प्रस्तुतिपश्चात् बैंकका नीतिगत व्यवस्था, कामकारबाहीमा देखिएका समस्या, बजेट तथा कार्ययोजना कार्यान्वयनका चुनौती र समाधानका उपायबारे सहभागीहरूबीच छलफल भएको थियो।

गोष्ठीमा डेपुटी गभर्नर पण्डितले बैंकका उद्देश्यलाई मध्यनजर राख्दै विभाग/कार्यालयका बजेट र योजनाको प्राथमिकता निर्धारण गर्नुपर्ने बताउनुभयो। आगामी वर्ष ठूलो सङ्ख्यामा कर्मचारीको अवकाश हुने सन्दर्भ उल्लेख गर्दै उहाँले त्यसका आधारमा दरबन्दी मिलान र उत्तराधिकार योजना तयार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

गोष्ठीमा बैंकका सञ्चालक शिवाकोटीले औचित्य नदेखिएका कार्ययोजनामा बजेट कटौती गरी मितव्ययी ढङ्गले आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। साथै, कार्यक्रममा सञ्चालक आचार्यले बैंकको सूचना प्रविधि पूर्वाधारको क्षमता विकास र सुदृढीकरण गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्यसँगै विभागीय प्रस्तुति राख्नुभयो भने उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वाणिज्य बैंकका सञ्चालकहरूसँग अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले असार २२ गते काठमाडौंमा वाणिज्य बैंकका सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामु पौडेलले बैंक तथा वित्तीय संस्थाका सञ्चालकको भूमिका र संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा राष्ट्र बैंकबाट जारी भएका निर्देशनबारे प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले 'ग्लोबल फाइनान्सियल स्ट्याब्लिटी रिपोर्ट-२०२६, दक्षिण एसियाली मुलुकका वित्तीय सूचक, नेपालको समष्टिगत आर्थिक परिदृश्य,

वाणिज्य बैंकहरूको वित्तीय स्थिति, चुनौती, नियामकीय प्रावधान र आगामी कार्यदिशाबारे चर्चा गर्नुभयो ।

यसै गरी, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले सुपरिवेक्षणका क्रममा देखिएका कैफियत र सुधार गर्नुपर्ने विषयबारे कार्यपत्र प्रस्तुत गर्दै वाणिज्य बैंकमा संस्थागत सुशासन, पुँजी पर्याप्तता, सम्पत्तिको गुणस्तर, जोखिम व्यवस्थापन र लेखापरीक्षण लगायतका विषयमा चर्चा गर्नुभयो ।

उक्त प्रस्तुतिपश्चात् सहभागीहरूबीच बैंकिङ क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था र आगामी कार्यदिशाबारे गहन छलफल भएको थियो । डेपुटी गभर्नर किरण पण्डितले छलफल सत्रको सहजीकरण गर्दै उद्यमशीलता विकास, स्टार्टअप र प्रविधिमैत्री बैंकिङको महत्त्वबारे धारणा राख्नुभयो । साथै, उहाँले राष्ट्र बैंकले 'सेन्ट्रल बैंक डिजिटल करेन्सी' र 'स्टेबल कोइन्स' जस्ता डिजिटल मुद्राका विविध पक्षलाई सूक्ष्म ढङ्गले अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक सृजना बास्तोलाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक उर्मिला सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाइले असार २९ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि अन्तरनिकाय सहकार्य, समन्वय, पृष्ठपोषण तथा 'राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन, २०८३' ले औँल्याएका प्रारम्भिक निष्कर्षमा केन्द्रित रहेर इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सिङ्गो राष्ट्रकै साझा दायित्व भएको उल्लेख गर्दै यसका निम्ति सरोकारवाला निकायबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । सूचना प्रविधिको विकाससँगै वित्तीय अपराधको स्वरूपसमेत परिवर्तन भइरहेको सन्दर्भमा उहाँले यसको नियन्त्रण परम्परागत तरिकाभन्दा फरक ढङ्गले गरिनुपर्ने बताउनुभयो ।

सो अवसरमा वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले पहिलो कार्यपत्र प्रस्तुत गर्दै एएमएल/सीएफटी राष्ट्रिय प्रणालीमा इकाइको भूमिका, एएमएल/सीएफटी जोखिमको समग्र चित्र, नियमनकारी निकायसँग इकाइको अन्तरसम्बन्धबारे चर्चा गर्नुभयो । राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले 'ग्रे-लिस्ट'बाट बाहिरिन भएका प्रयास, एफएटीएफका सुझाव र जोखिमबारे जानकारी दिनुभयो । नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी, प्रहरी वरिष्ठ उपरीक्षक कृष्ण पंगेनी र कार्यपत्र प्रस्तोताले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभयो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलले सम्पत्ति शुद्धीकरणसम्बन्धी सूचनाको सुरक्षा र आदानप्रदानमा सम्बद्ध निकायहरूबीच समन्वय हुनुपर्ने बताउनुभयो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक निर्मल ढकालले नेपालको वित्तीय प्रणाली र अन्तरनिकाय समन्वयमा सुधार नभए मुलुक 'ग्रे-लिस्ट'बाट बाहिरिन कठिन हुने टिप्पणी गर्नुभयो ।

सो अवसरमा सम्पत्ति शुद्धीकरण निवारण समन्वय समितिका संयोजक एवम् प्रधानमन्त्रीको कार्यालयका सचिव पुष्कर सापकोटाले समापन मन्तव्य राख्दै नेपाललाई 'ग्रे-लिस्ट'बाट बाहिर निकाल्नका लागि राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदनलाई शीघ्रताका साथ अन्तिम रूप दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर किरण पण्डित, विभिन्न विभागका कार्यकारी निर्देशक, नियमनकारी निकाय, कानुन कार्यान्वयन गर्ने निकाय, अनुसन्धानकारी तथा अभियोजन गर्ने निकाय, सूचक संस्था लगायतका प्रतिनिधिको उपस्थिति थियो । इकाइका सहायक निर्देशक महेशकुमार जोशीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# लेखापरीक्षणको प्रभावकारिता सम्बन्धी गोष्ठी

आन्तरिक लेखापरीक्षण विभागले असार १ गते काठमाडौंमा आन्तरिक लेखापरीक्षणको प्रभावकारिताको सर्वेक्षण तथा जोखिममा आधारित आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतका सम्बन्धमा गोष्ठी आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले आन्तरिक लेखापरीक्षणले औंल्याएका कमजोरीलाई गम्भीरतापूर्वक लिन र उदीयमान जोखिमलाई समयमै पहिचान गरी न्यूनीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । त्यसप्रति सजग रहँदै सोहीअनुरूपको रणनीति बनाउन समेत उहाँले निर्देशन दिनुभयो ।

कार्यक्रममा बैंकका सञ्चालक एवम् लेखापरीक्षण समितिका संयोजक डा. शङ्करप्रसाद आचार्यले संस्थाको पे-रोल व्यवस्थापन, पेन्सन प्रमाणीकरण लगायतका आन्तरिक कार्यलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्ने बताउनुभयो । लेखापरीक्षण समितिका सदस्य रामप्रसाद डोटेलले आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन नयाँ 'अडिट सफ्टवेयर'को प्रयोग गरी समग्र कार्य प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक चेतप्रसाद उप्रेतीले आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतका सन्दर्भमा विभागीय प्रस्तुति दिनुभयो । यस क्रममा उहाँले विभागको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनमा उल्लिखित लेखापरीक्षणसम्बन्धी कैफियतबारे विस्तृत चर्चा गर्नुभयो । विभागका निर्देशक कमलप्रकाश कालाथोकीले आन्तरिक लेखापरीक्षणको प्रभावकारिता सर्वेक्षणको नतिजा प्रस्तुत गर्नुभयो । संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक राजनविक्रम थापाले 'नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन नीति र कार्यविधि' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले राष्ट्र बैंकको भौतिक पूर्वाधार विकास र प्रविधि सुदृढीकरणका चालु योजनालाई तीव्रताका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच लेखापरीक्षणका विविध विषयमा छलफल भएको थियो । डेपुटी गभर्नर किरण पण्डितले छलफल सत्रको सहजीकरण गर्नुभयो । त्यस क्रममा उहाँले विभाग/कार्यालयका कार्यसम्पादनलाई प्रभावकारी बनाउन 'प्रोसेस डकुमेन्ट'लाई मुख्य आधार बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । साथै, उहाँले आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतका सन्दर्भमा सहभागीबाट राखिएको जिज्ञासाको सम्बोधन समेत गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक उमा पहराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय संस्थाको संस्थागत सुशासनसम्बन्धी अन्तरक्रिया

वित्तीय संस्था सुपरिवेक्षण विभागले असार ५ गते चितवनको भरतपुरमा विकास बैंक र वित्त कम्पनीका सञ्चालकको सहभागितामा संस्थागत सुशासनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर किरण पण्डितको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विकास बैंक र वित्त कम्पनीका सञ्चालक समितिका अध्यक्ष र लेखापरीक्षण समितिका संयोजकहरूको सहभागिता थियो ।

कार्यक्रममा गभर्नर पौडेलले मुलुकको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भूमिकाबारे चर्चा गर्दै सबै वर्गमा कर्जाको सहज पहुँच पुग्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "जो व्यक्ति वित्तीय स्रोतबाट विमुख छन्, उनीहरूमा कर्जाको पहुँच विस्तार गरेर उद्यमशीलताको विकास गरिनुपर्छ ।" कर्जामाथिको पहुँच र अधिकार सबैमा हुनुपर्ने उहाँको भनाइ थियो । वित्तीय संस्थाको संस्थागत सुशासन अभिवृद्धि र जोखिम व्यवस्थापनको सन्दर्भमा लेखापरीक्षण समितिको भूमिका परिणाममुखी हुनुपर्ने विचार गभर्नर पौडेलले व्यक्त गर्नुभयो । पछिल्लो समयमा वित्तीय प्रणालीमा साइबर सुरक्षाको विषय चुनौतीपूर्ण बनेको उल्लेख गर्दै त्यसप्रति सजग रहन उहाँले सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर पण्डितले संस्थाको 'स्ट्रेस टेस्टिङ'लाई आत्मसात गर्दै व्यावसायिक क्रियाकलाप सञ्चालन

गर्न सञ्चालकहरूलाई आग्रह गर्नुभयो। पछिल्लो समय वित्तीय संस्थामा निष्क्रिय कर्जा अनुपात, वित्तीय ठगी र कर्मचारीले छाड्ने क्रम बढ्दै गएको उल्लेख गर्दै उहाँले त्यसप्रति सजग रहन सञ्चालकहरूलाई सुझाव दिनुभयो। संस्थाको कार्यसम्पादनमा सञ्चालक समिति र व्यवस्थापनबीच नियमित सञ्चार समन्वय हुनुपर्ने आवश्यकता पण्डितले औंल्याउनुभयो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक विश्रुत थापाले विकास बैंक र वित्त कम्पनीमा संस्थागत सुशासनको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले संस्थाका प्रमुख वित्तीय परिसूचक, सुपरिवेक्षणमा देखिएका कैफियत, जोखिम व्यवस्थापनको स्थिति र नियामकीय अपेक्षाबारे जानकारी दिनुभयो।

यसै गरी, विभागका निर्देशक निभा श्रेष्ठले 'लेखापरीक्षण समिति: समस्या, चुनौती र सुपरिवेक्षकीय अपेक्षा' विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले लेखापरीक्षण समितिको औचित्य, सोसम्बन्धी कानुनी र नियामकीय संरचना, समितिको मुख्य भूमिका, स्थलगत निरीक्षणबाट प्राप्त कैफियत, चुनौती र सुपरिवेक्षकीय अपेक्षाबारे चर्चा गर्नुभयो। तत्पश्चात् कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो। डेपुटी गभर्नर पण्डितले छलफल सत्रको सहजीकरण गर्नुभयो भने कार्यकारी निर्देशक थापा र निर्देशक श्रेष्ठले सहभागीका जिज्ञासाउपर जवाफ दिनुभयो।

विभागका उप-निर्देशक निरज अधिकारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# गभर्नर पौडेल बीआईएसको ९६औं वार्षिक बैठकमा सहभागी

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल असार १३ र १४ गते स्विट्जरल्याण्डको बासेलमा आयोजित The Bank for International Settlements (BIS) को ९६औं वार्षिक बैठकमा सहभागी हुनुभयो। सो बैठकमा बीआईएसका सदस्य राष्ट्र, विश्वका विभिन्न केन्द्रीय बैंकका गभर्नर र प्रतिनिधिहरूको सहभागिता थियो।

बैठकमा बीआईएसका महाप्रबन्धक प्याब्लो हर्नान्डिज गी कोसले बीआईएसको वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै विश्व अर्थतन्त्रमा मुद्रास्फीतिको चुनौती कायमै रहेको, सरकारी ऋण उच्च दरमा बढेको र वित्तीय प्रणालीमा जोखिम बढ्दै गएको टिप्पणी गर्नुभयो।

यसै गरी, गभर्नर पौडेल असार १३ गते 'Stablecoins: Shaping Policy for a Resilient Future' विषयक छलफलमा सहभागी हुनुभयो। बैठकका दौरान 'Stablecoins and Anonymous Money' विषयक प्रवचन कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। सो अवसरमा 'स्टेबल क्वाइन्स'को कारोबारमा हुने Regulatory Arbitrage रोक्न साझा अन्तर्राष्ट्रिय मापदण्ड बनाउनुपर्ने, यस्तो मुद्रा जारी गर्ने संस्थालाई मात्र लक्षित नियमन पर्याप्त नहुने, मुद्राप्रतिको विश्वास अभिवृद्धि गर्न आन्तरिक अर्थतन्त्रका सूचकको सबलतामा जोड दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो। हार्वर्ड विश्वविद्यालयका प्राध्यापक गीता गोपीनाथद्वारा उक्त प्रवचन प्रस्तुत गरिएको थियो।

बैठकका दौरान गभर्नर पौडेलले भारतीय रिजर्भ बैंकका गभर्नर सञ्जय मलहोत्रासँग भेटवार्ता गर्नुभयो। भेटका क्रममा उहाँहरूबीच अन्तरदेशीय विद्युतीय कारोबार, भारतीय नोटको व्यवस्थापन र अन्य दुईपक्षीय हितका विषयमा छलफल भएको थियो। बैठकमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र

bis.org

गभर्नरको कार्यालयका उप-निर्देशक मेदनीप्रसाद पोखरेलको समेत सहभागिता थियो।

सन् १९३० मा स्थापित बीआईएसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाको रुपमा विश्वभरका केन्द्रीय बैंकबीच समन्वय गर्दै नीतिगत प्रयासबाट मौद्रिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दछ। यस संस्थामा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन्। यसको मुख्यालय स्विट्जरल्याण्डको बासेलमा छ। ■

# अवैध क्रिप्टो कारोबारको अवस्थासम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले असार ६ गते भैरहवामा 'अवैध क्रिप्टो कारोबारको अवस्था' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर किरण पण्डितको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयका प्रमुखसहित आर्थिक अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, सूचना प्रविधि विभागसँगै नेपाल प्रहरीका प्रतिनिधिहरूको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले क्रिप्टोकरेन्सीको पृष्ठभूमिबारे सङ्क्षिप्त चर्चा गर्दै अवैध क्रिप्टो कारोबारको अनुसन्धानका निम्ति राज्यका निकायहरूबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "गैरकानुनी कारोबार बढ्दै गयो भने राज्यप्रति जनताको विश्वास कम हुँदै जान्छ। त्यसैले त्यस्ता कारोबारको अनुसन्धानमा राज्यका निकायहरूबीच समन्वय हुन आवश्यक छ।" क्रिप्टो कारोबारको अनुसन्धानमा नेपाल प्रहरीको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँले अनुसन्धान प्रक्रियामा प्रहरीलाई आवश्यक सहयोग गर्न राष्ट्र बैंक तयार रहेको धारणा राख्नुभयो।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिना र भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले 'नेपालमा अवैध क्रिप्टो कारोबारको स्थिति'सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँहरूले क्रिप्टोकरेन्सीको पृष्ठभूमि, विश्व बजारमा क्रिप्टोकरेन्सीको अंश, नेपालमा अवैध क्रिप्टो कारोबारको प्रवृत्ति, क्रिप्टोकरेन्सी र डिजिटल मुद्राबीचको भिन्नता र नियामकीय व्यवस्थाबारे जानकारी दिनुभयो। यसै गरी, नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी निरीक्षक भगवानप्रसाद कुशवाहाले 'क्रिप्टोकरेन्सी र अनुसन्धान' विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक मौसमी मल्लले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# सूचना प्रविधि र साइबर सुरक्षासम्बन्धी अन्तरक्रिया

सूचना प्रविधि विभागले असार ३० गते काठमाडौँमा 'सूचना प्रविधि प्रणालीमा देखिएका समस्या, चुनौती र समाधानका उपाय' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा गभर्नर पौडेलले 'र्‍यान्समवेयर अट्याक' र अन्य साइबर आक्रमणका कारण वित्तीय प्रणालीमा जोखिम बढ्दो क्रममा रहेको उल्लेख गर्नभयो। उहाँले त्यस्ता जोखिमको प्रभावकारी व्यवस्थापनका लागि 'Financial Computer Emergency Response Team (FinCERT)' जस्ता साइबर सुरक्षा संयन्त्र स्थापना गरी सुरक्षा पूर्वाधारलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। साथै Technological Singularity, Superintelligence र Co-intelligence जस्ता प्रविधिजन्य अवधारणाले वित्तीय प्रणालीमा पार्ने प्रभावबारे चर्चा गर्दै गभर्नर पौडेलले त्यस्ता प्रविधिको उपयोग गर्दै केन्द्रीय बैंकको नीति निर्माण, निर्णय प्रक्रिया र नियामकीय कार्यसम्पादनलाई तथ्यमा आधारित बनाउन सूचना प्रविधिको भूमिका अपरिहार्य बन्दै गएको धारणा राख्नुभयो।

कार्यक्रममा राष्ट्र बैंकमा सूचना प्रविधि प्रणालीको विकास र साइबर सुरक्षाका चुनौतीका सन्दर्भमा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। विभागका निर्देशक कृष्णराम धुँजुले 'From Digitization to Resilience: NRB's IT Transformation Journey' विषयक कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंक डिजिटल युगमा प्रवेश गरेसँगै प्रणालीको सुरक्षा र सबलीकरणका निम्ति हुनुपर्ने प्रयासबारे चर्चा गर्नुभयो। यसै गरी, निर्देशक सहदेव चन्दले 'Cyber Security Issues, Challenges and Way Forward' विषयमा कार्यपत्र प्रस्तुत गर्दै साइबर सुरक्षाका चुनौती र आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिबारे जानकारी दिनुभयो।

दुवै कार्यपत्रको प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो। डेपुटी गभर्नर किरण पण्डितले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा

बैंकका विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको उपस्थिति थियो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने निर्देशक सौरभदास मानन्धरले समापन मन्तव्य राख्नुभएको थियो। विभागका सहायक निर्देशक नगिनाकुमारी चौधरीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# भुक्तानी प्रणालीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

भुक्तानी प्रणालीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन असार ८ र ९ गते काठमाडौंमा सम्पन्न भएको छ। The South East Asian Central Banks (SEACEN) सँगको समन्वयमा नेपाल राष्ट्र बैंकले 'The Future Landscape of Payment Systems: Opportunities and Policy Challenges' विषयक सम्मेलन आयोजना गरेको हो।

सम्मेलनमा नेपाल राष्ट्र बैंकका नौसहित इण्डोनेसिया, मलेसिया, थाइल्याण्ड, कम्बोडिया, भारतलगायत १४ वटा केन्द्रीय बैंकका २२ र SEACEN, BIS र AMRO का पाँच सहित ३६ जनाको सहभागिता थियो। सो अवसरमा डेपुटी गभर्नर किरण पण्डितले सम्मेलनको अवधारणाबारे प्रकाश पार्नुभयो भने सिसन सेन्टरका का.मु. निर्देशक वाचाराकुन जीवाकानोन्टले कार्यक्रमको औचित्यसहित उद्घाटन मन्तव्य राख्नुभयो। भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको सान्दर्भिकताबारे चर्चा गर्नुभयो।

पाँचवटा सत्रमा सञ्चालित सम्मेलनमा सिसन सेन्टर, नेपाल राष्ट्र बैंक र अन्य विभिन्न देशका केन्द्रीय बैंकका स्रोत व्यक्तिबाट डिजिटल भुक्तानीको विद्यमान स्थिति, अन्तरदेशीय भुक्तानी कारोबार, केन्द्रीय बैंक विद्युतीय मुद्राका विविध पक्ष र डिजिटल भुक्तानीका अवसर तथा चुनौतीसँग सम्बन्धित विषयमा वार्ता प्रस्तुत गरिएको थियो।

सम्मेलनको समापनलगत्तै नेपाल राष्ट्र बैंकसहित सहभागी केन्द्रीय बैंकका भुक्तानी विभागका निर्देशकहरूबीच सिसन सेन्टरको रणनीतिक विषय, हाल सञ्चालनमा रहेका सिकाइ गतिविधिको समीक्षा र आगामी वर्ष क्षमता अभिवृद्धिका निम्ति आवश्यक पर्ने तालिमका विषयवस्तुबारे छलफल भएको थियो। ■

# बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुनसम्बन्धी अन्तरक्रिया

कानुन महाशाखाले असार २ गते काठमाडौंमा 'बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। डेपुटी गभर्नर किरण पण्डितको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक, निर्देशक र प्रदेशस्थित कार्यालयका प्रमुख लगायतको सहभागिता थियो। सो अवसरमा डेपुटी गभर्नर पण्डितले विभाग/कार्यालयका नियमित कार्यसम्पादनका क्रममा देखिएका कानुनी र नीतिगत अस्पष्टतालाई निरुपण गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो। कानुनी र नीतिगत स्पष्टताले मात्रै कार्यसम्पादनलाई सहज र परिणाममुखी बनाउने उहाँको भनाइ थियो। राष्ट्र बैंकको अर्धन्यायिक अधिकार र यसका प्रक्रियाबारे सघन छलफल हुनुपर्ने धारणा उहाँले राख्नुभयो।

सो अवसरमा महाशाखाका उप-निर्देशक हेमराज अधिकारीले राष्ट्र बैंकको कार्यसम्पादनसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्था र तिनको कार्यान्वयनको अवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले बैंकको अधिकारको प्रकृति, अदालतमा दायर मुद्दा र त्यसउपर भएका फैसला, मुद्दामा देखिएका प्रवृत्ति, विभिन्न मुद्दाका प्रतिपादित सिद्धान्त लगायतका विषयवस्तुबारे चर्चा गर्नुभयो। तत्पश्चात् प्रस्तुत कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो। त्यस क्रममा सहभागीबाट विभिन्न विभाग/कार्यालयका कामकारवाहीसँग सम्बन्धित कानुनी तथा व्यावहारिक पक्षबारे जिज्ञासा र सुझाव राखिएको थियो।

सो अवसरमा महाशाखाका निर्देशक नीरा ताल्चाभडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# लघुवित्त संस्थाका सञ्चालकसँग अन्तरक्रिया

लघुवित्त संस्था सुपरिवेक्षण विभागले असार २८ गते पोखरामा लघुवित्त वित्तीय संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

का.मु. गभर्नर किरण पण्डितको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक रमेश आचार्यले संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक राजनविक्रम थापाले लघुवित्त वित्तीय संस्थामा संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको महत्त्व र आवश्यकताबारे चर्चा गर्नुभयो।

कार्यक्रममा सहभागीहरूबीच लघुवित्त क्षेत्रका समसामयिक विषयमा छलफल भएको थियो। कार्यकारी निर्देशक थापा, निर्देशक आचार्य र उप-निर्देशक प्रमेश पोखरेलले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो। सो अवसरमा का.मु. गभर्नर पण्डितले लघुवित्त क्षेत्रका विविध पक्षबारे चर्चा गर्दै समापन मन्तव्य राख्नुभयो।

विभागका उप-निर्देशक गेदा पंगेनीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बैंकिङ क्षेत्रमा महिलाको उपस्थिति र आगामी दिशा

**गुरुप्रसाद पौडेल**
**कार्यकारी निर्देशक**

भर्खरै नेपाल राष्ट्र बैंकले दुई वटा महिलामैत्री निर्णय गऱ्यो। पहिलो, राष्ट्र बैंकले आफ्नै कर्मचारी सेवा विनियमावलीमा पाँचौं संशोधन गरेर प्रसूति बिदासम्बन्धी प्रगतिशील प्रावधानहरू समावेश गऱ्यो। दोस्रो, समग्र बैंकिङ क्षेत्रका लागि नमूना विनियमावली जारी गर्न सुझाव सङ्कलनका लागि असारको पहिलो साता वेबसाइटमार्फत 'मस्यौदा कर्मचारी विनियमावली' सार्वजनिक गऱ्यो, जसको उद्देश्य यस्तै महिलामैत्री प्रावधानलाई समेत नमूना विनियमावलीमा समावेश गरी सबै बैंकिङ क्षेत्रमा लागु गर्न सकियोस् भन्ने हो।

नेपाल राष्ट्र बैंकमा साविकको व्यवस्थाअनुसार महिला कर्मचारीले सेवा अवधिमा दुई पटकसम्म मात्र प्रसूति बिदा पाउने व्यवस्था थियो। यस्तो बिदा उपभोग गर्न सात महिनाभन्दा बढी अवधिको बच्चाको जन्म हुनुपर्ने प्रावधान थियो। संशोधित व्यवस्थाअनुसार अब महिला कर्मचारीले बच्चा जन्माउने सङ्ख्याका आधारमा मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार गुमाउनुपर्ने छैन। यति मात्र होइन, विशेषज्ञ चिकित्सकको राय सिफारिस र अस्पतालको कागजातका आधारमा तीन महिनाभन्दा बढी र पाँच महिनाभन्दा कम अवधिको मृत शिशु जन्मिएमा वा गर्भपतन भएमा दुई हप्ता आराम गर्ने बिदा पाउनेछन्। पाँच महिनाभन्दा बढी र सात महिनाभन्दा कम अवधिको शिशु मृत जन्मिएमा वा गर्भपतन भएमा छ हप्ता प्रसूति बिदास्वरूप आराम गर्न बिदा पाइनेछ। साथै, सात महिना वा सोभन्दा बढी अवधिको गर्भ रहेको महिला कर्मचारीको शिशुको जन्म (मृत वा गर्भपतन समेत) भएमा उनीहरूले पूरै अवधि प्रसूति बिदा पाउनेछन्। यो व्यवस्थाले महिला कर्मचारीको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकारसँगै सुखी परिवारको चाहनालाई समेत आत्मसात् गरेको छ। नयाँ व्यवस्थाअनुसार महिला कर्मचारीले सुत्केरी हुनुअघि वा पछि गरी कुल ९८ दिन तलबभत्ता सहितको प्रसूति बिदा पाउनेछन्। साथै, आफ्नो इच्छाअनुसार कुनै पनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म बेतलबी प्रसूति बिदा लिन सक्नेछन्। यो व्यवस्था श्रम ऐन, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी कानुन र सो सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशको भावना समेतलाई आत्मसात गर्दै महिला कर्मचारीको आत्मबल बढाउन गरिएको नीतिगत पहल हो।

अन्तर्राष्ट्रिय अनुभवले पनि देखाउँछ कि महिलाको नेतृत्व विकासमा सबैभन्दा ठूलो चुनौती जागिर पाउनु मात्र होइन, करिअरको उत्प्रेरणात्मक निरन्तरता हो। गर्भावस्था, सुत्केरी अवस्था र शिशु स्याहारको प्रारम्भिक चरणमा धेरै महिला पेसागत रूपले पछाडि पर्न सक्छन्। परिवारमैत्री नीति भएका संस्थाले भने प्रतिभा संरक्षण गर्न, कर्मचारीको सन्तुष्टि बढाउन र नेतृत्व तहसम्म महिलाको पहुँच विस्तार गर्न सफलता हासिल गरेका छन्। यही कारणले विश्वका कतिपय केन्द्रीय बैंक तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले नेतृत्व विकास कार्यक्रम, मार्गदर्शन प्रणाली, उत्तराधिकार योजना र मातृत्वमैत्री नीतिलाई विशेष प्राथमिकता दिएका छन्।

नेपाल राष्ट्र बैंकले प्रसूति बिदासम्बन्धी सुधारमार्फत महिला कर्मचारीलाई केवल सुविधा मात्र प्रदान गरेको छैन, भावी महिला नेतृत्वमा सघाउ पुग्नेगरी लगानीसमेत गरेको छ। यस्तो नीति दीर्घकालमा महिला प्रतिभालाई संस्थामा टिकाइराख्न, उनीहरूको पेसागत विकासलाई निरन्तरता दिन र नेतृत्व तहमा पहुँच विस्तार गर्न प्रभावकारी आधार बन्न सक्ने देखिन्छ।

## राष्ट्र बैंकमा महिलाको उपस्थिति

२०८३ असार मसान्तको आँकडाअनुसार नेपाल राष्ट्र बैंकमा १,१६६ जना कर्मचारी कार्यरत छन्। तीमध्ये ३४७ जना अर्थात् करिब ३० प्रतिशत महिला कर्मचारी छन्। अधिकृतस्तरका ७०२ जना कर्मचारीमध्ये १९८ जना अर्थात् करिब २८ प्रतिशत महिला छन् भने सहायकस्तरका ४६४ जनामध्ये १४९ जना अर्थात् ३२ प्रतिशत महिला छन्। समग्र रूपमा हेर्दा महिलाको प्रतिनिधित्व पुरुषको तुलनामा कमै भए तापनि सार्वजनिक क्षेत्रका धेरै संस्थाको तुलनामा भने यो अवस्थालाई उत्साहजनक मान्न सकिन्छ।

नेपाल राष्ट्र बैंकमा महिला सहभागिताको सबैभन्दा महत्त्वपूर्ण पक्ष उमेरगत संरचनामा देखिन्छ। बैंकमा २५ वर्षभन्दा कम उमेर समूहका २८ जना कर्मचारी छन्, जसमध्ये ८ जना (२९ प्रतिशत) महिला छन्। यसै गरी, २५ देखि ३५ वर्ष उमेर समूहका ४१२ जना कर्मचारीमध्ये महिलाको सहभागिता ४५ प्रतिशत पुगेको छ। यसको अर्थ केन्द्रीय बैंकमा पछिल्ला वर्षहरूमा महिलाको प्रवेश उल्लेख्य मात्रामा बढेको छ। बैंकमा ३५ देखि ५० वर्ष उमेर समूहका कुल कर्मचारी सङ्ख्या ४७२ रहेकोमा महिलाको हिस्सा करिब २५ प्रतिशत र ५० वर्षभन्दा माथिको उमेर समूहका २६९ जनामध्ये १३ प्रतिशत मात्र महिलाको उपस्थिति रहेको छ। यसले विगतमा महिलाको प्रवेश सीमित भए पनि पछिल्लो समयमा यो अवसर विस्तार हुँदै गएको स्पष्ट सङ्केत गर्दछ। मानव संसाधन व्यवस्थापनको भाषामा यसलाई बलियो 'नेतृत्व पाइपलाइन' मानिन्छ। आजका युवा महिला कर्मचारीहरू नै भविष्यका निर्देशक, कार्यकारी निर्देशक तथा उच्च नेतृत्ववर्ग हुन्।

राष्ट्र बैंकमा श्रेणीगत विश्लेषण गर्दा अधिकृत तृतीय श्रेणीतर्फ महिलाको उल्लेख्य उपस्थिति देखिन्छ। सो श्रेणीमा कार्यरत ४०५ कर्मचारीमध्ये महिलाको सङ्ख्या १४८ हुनु भनेको भविष्यको नेतृत्व विकासका लागि सकारात्मक आधार हो। अधिकृत प्रथम श्रेणी (निर्देशक)मा कार्यरत कुल सङ्ख्या ५९ मध्ये १४ महिला र अधिकृत द्वितीय (उप-निर्देशक) मा २०४ मध्ये ३२ महिला छन्। अधिकृत

चार्ट-१: राष्ट्र बैंकमा कर्मचारीको लैङ्गिक अनुपात




चार्ट-२: बैंक तथा वित्तीय संस्थामा कर्मचारीको सङ्ख्यात्मक विवरण




विशिष्ट श्रेणीमा हाल महिला कर्मचारी नभए पनि विगतमा महिला डेपुटी गभर्नर रहिसकेको इतिहास र निकट भविष्यमै कार्यकारी निर्देशकमा महिला कर्मचारीकै पदोन्नति हुने सम्भावनाले शीर्ष नेतृत्वमा महिलाको पहुँच क्रमश: विस्तार भइरहेको देखिन्छ।

नेपाल राष्ट्र बैंकको अर्को उल्लेखनीय पक्ष भनेको उच्च शैक्षिक योग्यता हो। बैंकका अधिकृतस्तरका कुल कर्मचारीमध्ये करिब ८५ प्रतिशतले कम्तीमा स्नातकोत्तर गरेका छन्। त्यसमा महिला कर्मचारीको शैक्षिक अवस्थाको अझै सबल छ। अधिकृत प्रथममा कार्यरत सबै महिला स्नातकोत्तर छन् भने अधिकृत द्वितीयतर्फ एमफिलसम्मको उपाधि हासिल गरेका महिला कर्मचारी छन्। अधिकृत तृतीयमा १४० महिला स्नातकोत्तर छन्। यसले महिला कर्मचारीको नेतृत्व विकासमा आवश्यक बौद्धिक र प्राविधिक क्षमता पर्याप्त मात्रामा रहेको पुष्टि गर्दछ। त्यसैले नेतृत्व तहमा महिलाको प्रतिनिधित्व कम हुनको कारण योग्यता वा क्षमता नभई अवसर, करिअर निरन्तरता र नेतृत्व विकाससँग सम्बन्धित पक्षहरू हुन सक्छन्।

भौगोलिक प्रतिनिधित्वका आधारमा नेपाल राष्ट्र बैंकमा सातवटै प्रदेशबाट महिलाको उपस्थिति रहेको छ। जसमध्ये बागमती प्रदेशबाट महिलाको सहभागिता तुलनात्मक रूपमा उच्च देखिन्छ। यो प्रदेशबाट राष्ट्र बैंकमा जम्मा ३८० जना कर्मचारीले प्रतिनिधित्व गर्छन्, जसमा ३२.२ प्रतिशत महिला छन्। कोशी प्रदेशका २२७ कर्मचारीमध्ये महिला ६२ जना अर्थात् १९.२ प्रतिशत छन्। लुम्बिनीबाट १६५ मध्ये महिला ४४ जना अर्थात् करिब १४ प्रतिशत, गण्डकीका १४३ मध्ये महिला ४६ जना अर्थात् करिब १२ प्रतिशत, मधेश प्रदेशबाट १५५ कर्मचारीमध्ये महिला ३५ जना अर्थात् करिब १३ प्रतिशत, सुदूरपश्चिम प्रदेशबाट जम्मा ८७ जना रहेकोमा महिला १३ अर्थात् ७.४ प्रतिशत र कर्णाली प्रदेशबाट २४ जनाको प्रतिनिधित्व रहेकोमा दुई प्रतिशत मात्र महिला छन्। तथ्याङ्कले मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट महिलाको सहभागिता अझ बढाउन सकिने सम्भावना रहेको देखाउँछ।

यसले क्षेत्रीय विविधता र समावेशितालाई अझ सुदृढ बनाउन सकिने अवसर प्रदान गर्दछ।

समग्रमा हेर्दा नेपाल राष्ट्र बैंकमा महिलाको उपस्थिति सङ्ख्यात्मक रूपमा सन्तोषजनक, शैक्षिक योग्यताको दृष्टिले सबल, उमेरगत संरचनाका आधारमा आशाजनक र नेतृत्व विकासको कोणबाट सम्भावनायुक्त देखिन्छ।

## बैंक तथा वित्तीय संस्थामा महिला प्रतिनिधित्व

नेपालमा चार वर्गका बैंक तथा वित्तीय संस्थामा करिब ७८ हजारले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। बैंकिङ क्षेत्रमा महिलाहरूको उपस्थिति भने करिब ४१ प्रतिशत छ, जसलाई उल्लेख्य मान्न सकिन्छ। निक्षेप, कर्जा लगानी तथा वासलातको आकारमा वाणिज्य बैंकहरूको करिब ८० प्रतिशत हिस्सा रहे तापनि रोजगारीमा भने बाणिज्य बैंकहरूले करिब ५८ प्रतिशत अंश मात्र ओगटेका छन्।

लघुवित्त संस्थामा करिब २२ हजार अर्थात् समग्र बैंकिङ क्षेत्रको करिब २८ प्रतिशतले रोजगारी पाएका छन्। एउटा रोचक तथ्य चाहिँ के छ भने सबै वर्गका बैंक तथा वित्तीय संस्थाका कुल कर्मचारी सङ्ख्यामा ४० देखि ४१ प्रतिशत महिला कर्मचारी छन् भने कुल कर्मचारी सङ्ख्याको करिब २८ प्रतिशत अधिकृतस्तरमा कार्यरत छन्।

विशेषत: लघुवित्त क्षेत्रमा महिला कर्मचारीको उल्लेख्य उपस्थिति रहेको छ, यो क्षेत्रले वित्तीय पहुँच विस्तार, ग्रामीण अर्थतन्त्रको सशक्तीकरण र महिलाको आर्थिक/सामाजिक सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। समग्रतामा हेर्दा नेपालको बैंकिङ क्षेत्र महिला सहभागिताका दृष्टिले क्रमश: थप समावेशी बन्दै गएको देखिन्छ। अबको चुनौती महिला सहभागितालाई केवल सङ्ख्यात्मक उपस्थितिमा सीमित नराखी व्यवस्थापकीय र नेतृत्व तहमा समेत समान रूपमा विस्तार गर्नु हो, जसले बैंकिङ क्षेत्रको सुशासन, नवप्रवर्तन, क्षमता र दिगो विकासलाई अझ सुदृढ बनाउनेछ।

नेपाल राष्ट्र बैंकको कर्मचारी विनियमावलीमा हालै गरिएको प्रसुति विदा सम्बन्धी सुधारले वित्तीय क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ। आशा गरौँ हालसालै सुझावका लागि माग गरिएको बैंक तथा वित्तीय संस्थाको 'नमूना कर्मचारी सेवा विनियमावली'मा यो विषय समावेश गर्न यथेष्ट सुझावहरू प्राप्त हुनेछन्।

## निष्कर्ष

अबको प्राथमिकता संस्थामा महिलाको उपस्थिति थप बढाउनुसँगै उनीहरूलाई नेतृत्व तहसम्म पुऱ्याउने, उत्तराधिकार योजनालाई सुदृढ गर्ने र समावेशी संस्थागत संस्कृतिलाई थप बलियो बनाउनेतर्फ हुनुपर्छ। यद्यपि, महिला नेतृत्व विकासको यात्रा संस्थागत सुधारबाट मात्र पूर्ण हुँदैन। महिलाहरू स्वयम्ले पनि आफ्नो क्षमता, आत्मविश्वास, व्यावसायिक उत्कृष्टता र नेतृत्वप्रतिको प्रतिबद्धतालाई अझ सुदृढ बनाउँदै लैजान आवश्यक छ। नेतृत्व कुनै लैङ्गिक विशेषाधिकार होइन। यो ज्ञान, क्षमता, इमानदारिता, निर्णय क्षमता, परिणाममुखी कार्यशैली र जिम्मेवारी बहन गर्ने इच्छाशक्तिको समष्टिगत अवस्था पनि हो। त्यसैले नेतृत्वको अवसर प्राप्त हुँदा महिलाहरूले आफूलाई सक्षम नेतृत्वका रूपमा स्थापित गर्ने आत्मविश्वासका साथ अघि बढ्नुपर्छ। सामाजिक परिवेशका कारण कहिलेकाहीं विकसित हुने अनेकन धारणा, अनावश्यक सङ्कोच वा चुनौतीपूर्ण जिम्मेवारीबाट पछि हट्ने प्रवृत्तिलाई क्रमश: पछाडि पार्दै 'डिमान्ड-साइड रेडिनेस'लाई पनि समान रूपमा सुदृढ बनाउन आवश्यक छ।

प्रदेश स्तरका कार्यालयको नेतृत्व सम्हाल्ने कुरा होस् वा विभागीय प्रमुखका जिम्मेवारीसम्म पुग्ने स्पष्ट आकांक्षा, निरन्तर क्षमता विकास र परिणाममुखी कार्यसम्पादन नै महिला नेतृत्वको दिगो आधार बन्न सक्छ। जब संस्थाले अवसर सिर्जना गर्छ र महिलाले ती अवसरलाई आत्मविश्वास, दक्षता र नेतृत्वदायी दृष्टिकोणका साथ ग्रहण गर्छन्, तब मात्र वास्तविक समानता र समावेशी नेतृत्वको लक्ष्य सार्थक रूपमा हासिल गर्न सकिन्छ। ■

# ईसीसी र अन्तरबैंक भुक्तानी प्रणालीसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले जेठ २८ गते सिद्धार्थनगरमा इलेक्ट्रोनिक चेक क्लियरिङ (ईसीसी) र अन्तरबैंक भुक्तानी प्रणालीसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

बैंकिङ विभागका कार्यकारी निर्देशक हिमप्रसाद न्यौपानेको उपस्थितिमा आयोजित कार्यक्रममा आयोजक विभागसँगै प्रदेशस्थित कार्यालय र बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो। 'Electronic Cheque Clearing Operating Rules, 2011 र Interbank Payment System (NCHL-IPS) Operating Rules, 2015 मा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा विभागका सहायक निर्देशक अस्मिता घिमिरेले 'ECC/IPS and Role of Nepal Rastra Bank' र नेपाल क्लियरिङ हाउस लिमिटेडका हेड अपरेसन्स सोभित शर्माले 'डिजिटल बैंकिङको क्षेत्रमा ECC/ IPS को भूमिका, समस्या पहिचान तथा समाधानका उपाय' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कार्यकारी निर्देशक न्यौपानेले यस किसिमका कार्यक्रमको आयोजनाबाट ईसीसी र अन्तरबैंक भुक्तानी प्रणालीको सञ्चालनमा देखिएका समस्याको समाधानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक नवीना ढकालले स्वागत मन्तव्य राख्नुभयो भने बैंकिङ विभागका सहायक ईशा भुजेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# सम्पत्ति शुद्धीकरण निवारणको अनुपालनासम्बन्धी अन्तरक्रिया

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले असार १५ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाको अनुपालनासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

भुक्तानी सेवा प्रदायक, रेमिट्यान्स कम्पनी, हायर पर्चेज कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका प्रतिनिधिको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा महाशाखाका सहायक निर्देशक रामकृष्ण राईले 'सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियत' र भुक्तानी प्रणाली विभागका उप-निर्देशक पुष्करराज भट्टराईले 'भुक्तानी प्रणाली विभागबाट जारी एकीकृत निर्देशन नं. १५ को अनुपालना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। दुवै कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा महाशाखाका निर्देशक राजनदेव भट्टराईले नेपाल एफएटीएफको 'ग्रे-लिस्ट'मा सूचीकृत भएको सन्दर्भमा यसबाट बाहिर निस्कनका लागि नियामक निकायको रूपमा राष्ट्र बैंकले नीति निर्माण र सुपरिवेक्षकीय कार्यमा आवश्यक भूमिका निर्वाह गरिरहेको जानकारी दिनुभयो। साथै, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाको अनुपालना गर्न सूचक संस्थाहरूलाई उहाँले आग्रह गर्नुभयो।

सो अवसरमा महाशाखाका उप-निर्देशक मनोज गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक गणेश विष्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# क्षमता अभिवृद्धिसम्बन्धी प्राविधिक सहायता कार्यक्रम

बेलायती सहायता इकाइ United Kingdom Technical Assistance Unit (UKTAU) सहयोगमा 'सम्पत्ति शुद्धीकरण अनुसन्धान क्षमता अभिवृद्धि तथा वित्तीय अपराध अनुसन्धानसम्बन्धी राष्ट्रिय तालिम प्रणाली सुदृढीकरण' विषयक कार्यक्रम असार ३० र ३१ गते काठमाडौंमा सम्पन्न भएको छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा क्षमता अभिवृद्धि र वित्तीय जानकारीको प्रभावकारी उपयोग अभिवृद्धि गर्ने कार्ययोजनालाई सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपालको वित्तीय अपराध अनुसन्धान प्रणालीलाई रणनीतिक र कार्यान्वयन तहमा थप व्यावसायिक, समन्वयात्मक र दिगो बनाउने विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा सरकारी तालिम प्रदायक संस्थाहरूबीच एकीकृत राष्ट्रिय प्रशिक्षण प्रणाली विकास गर्ने, वित्तीय अपराध अनुसन्धानसम्बन्धी पाठ्यक्रम तयार गर्ने, आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम निर्धारण गर्ने, दीर्घकालमा नेपालमै राष्ट्रिय वित्तीय अपराध अनुसन्धान प्रशिक्षण प्रणालीको विकास गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकसहित महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक, न्याय परिषद् सचिवालय, सहकारी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, समाज कल्याण परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानुन व्यवसायी परिषद्, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा वित्तीय जानकारी इकाइका प्रमुख वासुदेव भट्टराई र राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले सम्बोधन गर्नुभयो । सो अवसरमा बेलायती सहायता इकाइका प्रमुख एलिसन केल्ली र विज्ञ इयान कोलिन्सले बेलायतको वित्तीय अपराध अनुसन्धान प्रणालीबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रमको दोस्रो दिनको दोस्रो सत्रमा सहभागी प्रतिनिधिमण्डलले नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान र राष्ट्रिय न्यायिक प्रतिष्ठानको अध्ययन भ्रमण गरेको थियो । ■

# लघुवित्त संस्थाको निरीक्षण र सुपरिवेक्षणसम्बन्धी अन्तरक्रिया

लघुवित्त संस्था सुपरिवेक्षण विभागले जेठ ३० गते काठमाडौंमा संस्थाका निरीक्षण र सुपरिवेक्षण कार्य र सोपश्चात् दिइने निर्देशनमा प्रभावकारिता र एकरूपता ल्याउने सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा विभागका सहायक निर्देशक प्रकाश सापकोटाले लघुवित्त वित्तीय संस्थाहरूसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्था र उप-निर्देशक प्रमेश पोखरेलले समष्टिगत स्थलगत निरीक्षण तथा सुपरिवेक्षणका कैफियत र कार्यान्वयनका समस्या एवम् चुनौतीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । दुवै कार्यपत्रमाथि सहभागी कर्मचारीहरूबीच छलफल भएको थियो । कार्यक्रममा विभागका का.मु. कार्यकारी निर्देशक शैलेन्द्र रेग्मीले विभागका सुपरिवेक्षकीय कामकारबाही र सम्बन्धित संस्थालाई दिइने निर्देशनमा एकरूपता ल्याउनका लागि विभागमा नियमित छलफल र अन्तरक्रिया हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा विभागका निर्देशक रमेश आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र औचित्यबारे प्रकाश पार्नुभएको थियो । ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुशिक्षण

वित्तीय जानकारी इकाइले जेठ २५ गते पोखरामा सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण र गो-एएमएल रिपोर्टिङका सन्दर्भमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो।

नेपाल सरकारका निकाय र गण्डकी प्रदेशस्थित सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा महानगरपालिका, गण्डकी प्रदेशमा सञ्चालित सहकारी संस्था, प्रदेश सहकारी संघ, जिल्ला विषयगत संघ लगायतका संस्थाका प्रतिनिधि र कार्यान्वयन अधिकारीहरूको सहभागिता थियो।

कार्यक्रममा इकाइका उप-निर्देशक सचिनराज पियाले सहकारी संस्थाबाट पालना हुनुपर्ने सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नियामकीय प्रावधान र इकाइका प्रधान सहायक जनम थापाले गो-एएमएल सिस्टममा आबद्धता र रिपोर्टिङबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार नारायणप्रसाद ढकालले सहकारी संस्थाको सुपरिवेक्षणका क्रममा देखिएका विषयवस्तु र गृह मन्त्रालयका शाखा अधिकृत आशिष शर्माले लक्षित वित्तीय कारबाहीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा इकाइका प्रमुख वासुदेव भट्टराईले गो-एएमएल प्रणालीमा आबद्ध हुन सहकारी संस्थाहरूलाई आग्रह गर्नुभयो। साथै, उहाँले सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारणमा नेपालको वर्तमान अवस्था, ग्रे-लिस्टिङसँग सम्बन्धित प्रगति, कार्ययोजनाको कार्यान्वयन स्थितिबारे सहभागीलाई जानकारी गराउनुभयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप-सचिव हरिप्रसाद गुरागाईंले नेपाललाई 'ग्रे-लिस्ट'बाट बाहिर निकाल्नु अहिलेको प्रमुख आवश्यकता रहेको उल्लेख गर्दै त्यसको निम्ति प्रधानमन्त्रीको कार्यालयबाट आवश्यक समन्वय गरिने जानकारी दिनुभयो।

पोखरा कार्यालयका निर्देशक शिखा अधिकारी रेग्मीले स्वागत मन्तव्य राख्दै वित्तीय पहुँच अभिवृद्धिमा सहकारी संस्थाहरूको भूमिकाबारे चर्चा गर्नुभयो। इकाइका सहायक निर्देशक कमल पौडेलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, इकाइले जेठ २१ गते थापाथलीमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण र गो-एएमएल रिपोर्टिङसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

इकाइका प्रमुख वासुदेव भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल बैंकर्स संघ, वाणिज्य बैंकका सम्पत्ति शुद्धीकरण निवारण समिति र सूचना प्रविधि विभागका प्रतिनिधिको सहभागिता थियो। गो-एएमएल प्रणालीमार्फत प्राप्त हुने प्रतिवेदनको गुणस्तर अभिवृद्धिमा केन्द्रित रहेर उक्त कार्यक्रम आयोजना गरिएको थियो। ■

# सिद्धार्थनगरमा एसआईएससम्बन्धी अनुशिक्षण

लघुवित्त संस्था सुपरिवेक्षण विभागले असार ७ गते सिद्धार्थनगरमा सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) मार्फत हुने रिपोर्टिङबारे अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रममा लुम्बिनी, गण्डकी, बागमती र मधेश प्रदेशमा केन्द्रीय कार्यालय रहेका २८ वटा लघुवित्त वित्तीय संस्थाका रिपोर्टिङ अधिकृतहरूको सहभागिता थियो। सो अवसरमा विभागका उप-निर्देशक प्रमेश पोखरेल र बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक प्रदिपनारायण सिंहले एसआईएस रिपोर्टिङको सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई समेटेर अलगअलग वार्ता प्रस्तुत गर्नुभयो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक राजनविक्रम थापाले संस्थाको यथार्थ वित्तीय स्थिति र गुणस्तरीय प्रतिवेदन प्राप्त गर्ने सन्दर्भमा एसआईएसको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै नियमित रिपार्टिङ गर्न संस्थाका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक नवीना ढकालले स्वागत मन्तव्य राख्नुभयो भने लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक शैलेन्द्र रेग्मीले कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश पार्नुभयो। विभागका उप-निर्देशक गेदा पंगेनीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# धुन्चे र टीकापुरमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम

भुक्तानी प्रणाली विभागले असार १५ गते रसुवाको धुन्चेमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना ग¥यो ।

लक्षित वर्गका नियमित आम्दानी भएका पेसाकर्मी, लघु, साना तथा मझौला व्यवसायी, महिला र विद्यार्थीको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागका निर्देशक अजित रेग्मीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै डिजिटल वित्तीय सेवाका विविध पक्षबारे प्रस्तुति दिनुभयो । यसै गरी, उप-निर्देशक (सू.प्र.) सागरमायालु जोशीले साइबर जोखिम, अनलाइन ठगी सम्बन्धमा प्रस्तुति दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले डिजिटल वित्तीय साक्षरताको सान्दर्भिकताबारे चर्चा गर्दै डिजिटल ठगी, साइबर जोखिम, गैरकानुनी वित्तीय कारोबारबारे सजग हुनुपर्ने धारणा राख्नुभयो । विभागका प्रधान सहायक मीनराज शर्माले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, विभागले असार २९ गते कैलालीको टीकापुरमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना ग¥यो । नियमित आम्दानी भएका पेसाकर्मी, लघु, साना तथा मझौला व्यवसायी, महिला र विद्यार्थीको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा विभागका निर्देशक सुवास आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै डिजिटल वित्तीय सेवाबारे प्रस्तुति दिनुभयो भने उप-निर्देशक कर्ता श्रेष्ठले साइबर जोखिम र अनलाइन ठगीका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक मोहन पुडासैनीले स्वागत मन्तव्य र विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले समापन मन्तव्य राख्नुभयो । विभागका प्रधान सहायक सिर्जना थापाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# अवलोकन भ्रमण तथा वित्तीय साक्षरता कार्यक्रम

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले असार महिनामा दुई वटा विद्यालयका विद्यार्थीको सहभागितामा बैंकको केन्द्रीय कार्यालयको अवलोकन भ्रमण र वित्तीय साक्षरता कार्यक्रम आयोजना ग¥यो ।

महाशाखाले असार ४ गते काठमाडौंको पेप्सीकोलास्थित विश्व ज्ञान पाठशाला र असार ११ गते भक्तपुरको सूर्यविनायकस्थित क्यान्डिड करिअर सेकेण्डरी स्कुलका विद्यार्थीहरूको सहभागितामा उक्त कार्यक्रम आयोजना गरेको हो । दुवै कार्यक्रममा महाशाखाका उप-निर्देशक निकी महर्जनले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र प्राथमिकता निर्धारण, विप्रेषण कारोबार, बीमा, वित्तीय अनुशासन, डिजिटल भुक्तानी, ठगी लगायतका विषयमा जानकारी दिनुभयो । यसै गरी, सहायक निर्देशक मेरिना नेपालीले जाली नोट पहिचानसम्बन्धी व्यवस्थाबारे स्पष्ट पार्नुभयो ।

सो अवसरमा महाशाखाका निर्देशक सुशील पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वित्तीय साक्षरताको महत्त्वबारे विद्यार्थीहरूलाई जानकारी दिनुभएको थियो । ■

# समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया

पोखरा कार्यालय

प्रदेशस्थित कार्यालयहरूले जेठ र असार महिनामा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन् ।

पोखरा कार्यालयले जेठ २९ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक शिखा अधिकारी रेग्मीको संयोजकत्वमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख तथा विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा सहभागीका तर्फबाट राष्ट्र बैंकले जारी गरेका निर्देशन र हाल बैंक तथा वित्तीय संस्थाले भोग्नुपरेका समस्याबारे जिज्ञासा राखिएको थियो । कार्यक्रममा निर्देशक रेग्मीले सहभागीबाट राखिएका जिज्ञासालाई सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले गण्डकी प्रदेशको आर्थिक तथा वित्तीय अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक अमृता पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

विराटनगर कार्यालयले असार ४ गते 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि र आ.व. २०८३/८४ को मौद्रिक नीतिका लागि सुझाव सङ्कलन' विषयक छलफल कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक सुमन नेउपानेको उपस्थितिमा आयोजित कार्यक्रममा कोशी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख, उक्त प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत र उद्योग, वाणिज्य तथा व्यवसायिक क्षेत्रसँग आबद्ध विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बाले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा सहभागीहरूबीच आर्थिक गतिविधि विस्तार, वित्तीय क्षेत्रको स्थायित्व, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र समग्र आर्थिक विकासमा मौद्रिक नीतिको भूमिकाबारे छलफल भएको थियो । सहभागी उद्योगी/व्यवसायीका तर्फबाट विद्यमान आर्थिक तथा बैंकिङ गतिविधिका विविध पक्षबारे धारणा राख्नुका साथै आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा समावेश गर्न सकिने विषयका सन्दर्भमा सुझाव प्रस्तुत गरिएको थियो । बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र प्रमुख कार्यकारी अधिकृतको तर्फबाट बैंकिङ क्षेत्रको वर्तमान अवस्था, चुनौती र सुधारका विषयमा विभिन्न सुझाव प्रस्तुत गरिएको थियो ।

सो अवसरमा कार्यालयका निर्देशक सुमन नेउपानेले समापन मन्तव्य राख्दै मौद्रिक नीतिका निम्ति सहभागीबाट प्राप्त सुझावलाई अध्ययन गरी सम्बन्धित निकायमा पठाइने जानकारी दिनुभयो । कार्यालयका प्रधान सहायक सुमन मैनालीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले असार ४ गते समसामयिक बैंकिङ तथा वित्तीय विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक नवीना ढकालको संयोजकत्वमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख, शाखा प्रबन्धक र प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा सहभागीका तर्फबाट आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिका निम्ति विभिन्न सुझाव प्राप्त भएको थियो ।

विराटनगर कार्यालय

कार्यक्रममा निर्देशक ढकालले राय/सुझावको निम्ति सहभागीलाई धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो ।

सुर्खेत कार्यालयले असार ८ गते वीरेन्द्रनगरमा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका प्रदेश तथा शाखा प्रमुखहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा निक्षेप, कर्जा लगानी, कर्जा असुली, कर्णाली प्रदेशमा डिजिटल भुक्तानीको अवस्था, अनलाइन ठगी, ग्राहकको गुनासो व्यवस्थापन लगायतका समसामयिक विषयमा सहभागीहरूबीच छलफल भएको थियो । सहभागीका तर्फबाट नेपाल बैंकर्स संघ, कर्णाली प्रदेश कमिटीका संयोजक दिवाकरदत्त जोशीले समसामयिक विषयमा मन्तव्य राख्नुभयो ।

सिद्धार्थनगर कार्यालय

सो अवसरमा सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले सहभागीबाट राखिएका जिज्ञासामाथि जवाफ दिँदै बैंक तथा वित्तीय संस्थाले ग्राहकका गुनासोको व्यवस्थापन, वित्तीय साक्षरताको प्रवर्द्धन लगायतका विषयमा धारणा राख्नुभयो । कार्यालयका सहायक निर्देशक सागर मालाकारले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

जनकपुर कार्यालयले असार १० गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक पुष्पा अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा सहभागीबाट आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिका लागि आवश्यक सुझाव लिनुका साथै बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जाको स्थिति, वित्तीय ग्राहकका गुनासो व्यवस्थापन, झुत्रा नोट सटही लगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा सहभागीबाट बैंकिङ क्षेत्रका विद्यमान समस्या र तिनको सम्भावित समाधानका विषयमा धारणा राखिएको थियो ।

सो अवसरमा निर्देशक अधिकारीले छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो भने प्रधान सहायक शिवराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

सुर्खेत कार्यालय

जनकपुर कार्यालय

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

मौद्रिक व्यवस्थापन विभाग

विभिन्न विभाग/कार्यालयले २०८३ जेठ र असार महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा मौद्रिक व्यवस्थापन विभागले असार १२ गते 'Real Interest Rates in Nepal: Trend, Implications and Policy Relevance' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो।

विभागका सहायक निर्देशक एलिशा मानन्धरले सो विषयमा प्रस्तुति दिँदै वास्तविक ब्याजदरको महत्त्व, त्यसलाई प्रभाव पार्ने कारक, वास्तविक ब्याजदरको प्रवृत्ति, राष्ट्र बैंकबाट जारी भएका मौद्रिक नीति र वास्तविक ब्याजदरबीचको अन्तरसम्बन्धबारे चर्चा गर्नुभयो। उहाँले वास्तविक ब्याजदर धनात्मक र ऋणात्मक हुँदा अर्थतन्त्रमा पर्ने प्रभावका बारेमा समेत जानकारी दिनुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले निक्षेपमा प्राप्त हुने ऋणात्मक वास्तविक ब्याजदरले निक्षेप परिचालन र लगानीयोग्य कोषको निरन्तर उपलब्धतामा प्रतिकूल प्रभाव पर्नसक्ने बताउनुभयो। निक्षेपमा वास्तविक ब्याजदर ऋणात्मक हुने विषय केन्द्रीय बैंकको लागि प्रीतिकर नभए तापनि यसबाट कर्जा प्रवाह, लगानी र समष्टिगत माग अभिवृद्धिमा मद्दत पुग्ने धारणा उहाँले राख्नुभयो। विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले धनात्मक र ऋणात्मक वास्तविक ब्याजदरले अर्थतन्त्रमा पार्ने प्रभावबारे धारणा राख्नुभएको थियो। कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो।

गभर्नरको कार्यालयले असार महिनामा चारवटा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा कार्यालयले असार ३ गते 'Intellectual Property Valuation and Financing: Issues and Challenges in Nepal' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा पोखरा विश्वविद्यालयका एमबीए कार्यक्रम निर्देशक ऋषिराम चापागाईंले सो विषयमा प्रस्तुति दिँदै बौद्धिक सम्पत्तिको परिचय, मूल्याङ्कन, लगानीसम्बन्धी अभ्यास, कानुनी व्यवस्था, चुनौती लगायतका विषयमा जानकारी दिनुभयो।

असार २४ गते आयोजित कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कम्प्युटर इन्जिनियर विनोद वस्तीले 'एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले उक्त प्रणालीको अवधारणा, औचित्य, कार्यान्वयन प्रक्रिया लगायतका विषयमा चर्चा गर्नुभयो।

कार्यालयले असार २८ गते 'आ.व. २०८३/८४ को मौद्रिक नीति' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिको संरचना र लक्ष्य, नीतिको कार्यदिशा, मौद्रिक उपकरण, समष्टिगत विवेकशील नियमन, भावी कार्यदिशा र नीतिका समग्र विशेषताबारे जानकारी दिनुभयो।

कार्यालयले असार २८ गते 'Regulatory and Supervisory Framework of Non-Bank Finance Company: RBI Experiences' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक प्रमेश पोखरेलले सो विषयमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले रिजर्व बैंक अफ इन्डियाको सङ्गठनात्मक ढाँचा, नियामकीय र सुपरिवेक्षकीय संरचना, गैर-बैंकिङ

गभर्नरको कार्यालय

वित्तीय जानकारी इकाइ

वित्तीय संस्थाको नियामकीय व्यवस्था, लघुवित्त संस्थाको पुँजी संरचना, भारतमा सम्पत्ति व्यवस्थापन कम्पनीको अभ्यास लगायतका विषयमा जानकारी दिनुभयो ।

वित्तीय जानकारी इकाइले असार ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । इकाइका प्रमुख वासुदेव भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा दुई वटा वार्ता प्रस्तुत गरिएको थियो । सो अवसरमा उप-निर्देशक सचिनराज पियाले एसियाली विकास बैंकको सहकार्यमा सञ्चालित 'Trade Based Money Laundering (TBML)-STR Pilot' सम्बन्धमा नेपालमा भएका प्रगतिको अवस्थाबारे प्रस्तुति दिनुभयो । यस्तै, सहायक निर्देशक सपना खत्रीले TBML का विविध पक्षबारे जानकारी दिनुभएको थियो ।

सिद्धार्थनगर कार्यालयले असार महिनामा दुईवटा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । असार १६ गते आयोजित कार्यक्रममा सहायक निर्देशक निमा पाण्डेले नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त गरेका विदेशी मुद्रा सटही गर्ने संस्थाको निरीक्षण सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले ती संस्थाको निरीक्षण प्रक्रिया,

भुक्तानी प्रणाली विभाग

सिद्धार्थनगर कार्यालय

कानुनी व्यवस्था, निरीक्षणको क्षेत्र, सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्था, प्रतिवेदनको ढाँचा लगायतका विषयवस्तुबारे प्रकाश पार्नुभयो। यस्तै, असार २६ गते आयोजित कार्यक्रममा सहायक निर्देशकद्वय मौसमी मल्ल र कृष्णप्रसाद भट्टराईले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको समीक्षा र २०८३/८४ को मौद्रिक नीतिका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो। कार्यक्रम कार्यालयका निर्देशक नवीना ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो।

यसै गरी, भुक्तानी प्रणाली विभागले जेठ २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका सहायक निर्देशक रोशनी कार्कीले 'Role of Lankapay in the Digital Ecosystem of Sri Lanka' र सहायक (सु.प्र.) पुष्पराज पाण्डेले 'Demonstration on CBDC Portal' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। वार्ताका क्रममा सहायक निर्देशक कार्कीले श्रीलङ्कामा डिजिटल इकोसिस्टमको विकासमा 'लङ्का-पे'को भूमिका, विकासका चरण र चुनौतीबारे चर्चा गर्नुभयो भने सहायक पाण्डेले 'सीबीडीसी पोर्टल'को कार्य प्रक्रियाबारे जानकारी दिनुभयो। ■

# इटहरी र नेपालगञ्जमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

विराटनगर कार्यालयले असार १२ गते सुनसरीको इटहरीमा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो।

आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाको अध्यक्षतामा आयोजित कार्यक्रममा तथ्याङ्क प्रदायक सरकारी निकाय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी लगायतको सहभागिता थियो।

सो अवसरमा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बा आङदेम्बेले 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। कार्यक्रमका सहभागीका तर्फबाट तथ्याङ्क प्राप्ति, प्रशोधन र भण्डारणमा देखिएका समस्याबारे आ-आफ्नो धारणा राखिएको थियो।

कार्यक्रममा कार्यकारी निर्देशक तिमिल्सिनाले गुणस्तरीय तथ्याङ्कको आवश्यकता र महत्त्वबारे धारणा राख्दै सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन गर्नुभयो। विराटनगर कार्यालयका निर्देशक सुमन नेउपानेले समापन मन्तव्य राख्दै यथार्थ र विश्वसनीय तथ्याङ्क प्राप्तिका निम्ति सरकारी निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

सो अवसरमा कार्यालयका सहायक निर्देशक सुनिल अधिकारीले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक नवदिप साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, नेपालगञ्ज कार्यालयले असार १५ गते 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो।

कार्यालयका निर्देशक सम्झना ढकालको संयोजकत्वमा आयोजित गोष्ठीमा बाँके जिल्लास्थित तथ्याङ्क प्रदायक सरकारी कार्यालय, स्थानीय तह र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी/व्यवसायी र अन्य सरोकारवालाको सहभागिता थियो।

कार्यक्रममा कार्यालयका सहायक निर्देशक मम्ता रावतले आर्थिक तथ्याङ्कको उपादेयताबारे चर्चा गर्दै बाँके जिल्लाको कृषि, उद्योग, शिक्षा, स्वास्थ्यलगायत समष्टिगत आर्थिक परिदृश्यबारे सङ्क्षिप्त झलक प्रस्तुत गर्नुभयो। यसै गरी, सहायक निर्देशक मामराज पथिकले तथ्याङ्क सङ्कलनमा देखिएका समस्या र चुनौती प्रस्तुत गर्दै समयमै यथार्थ सूचना उपलब्ध गराउन सहभागीहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा सहभागीका तर्फबाट तथ्याङ्क सङ्कलनसम्बन्धी फाराम भर्ने क्रममा देखिएका समस्याबारे जानकारी गराइएको थियो।

कार्यक्रममा कार्यालयका निर्देशक ढकालले समापन मन्तव्य राख्दै समयमै यथार्थ र विश्वसनीय तथ्याङ्क उपलब्ध गराउन सहभागीहरूलाई अनुरोध गर्नुभयो। सो अवसरमा कार्यालयका उप-निर्देशक मनोजकुमार केसीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक सागर अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

## Major Financial Indicators

as on Jeth End, 2083 (Mid-June, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 118.90 | 10.58 | 2.28 | 131.76 |
| 2 | Total Credit/GDP | 86.19 | 8.97 | 1.77 | 96.92 |
| 3 | Total Credit/ Total Deposit** | 72.49 | 84.77 | 77.59 | 73.56 |
| 4 | CD Ratio* | 71.83 | 84.31 | 76.87 | 72.91 |
| 5 | Fixed Deposit/Total Deposit | 37.10 | 33.35 | 56.09 | 37.13 |
| 6 | Saving Deposit/Total Deposit | 45.98 | 54.55 | 31.32 | 46.41 |
| 7 | Current Deposit/Total Deposit | 7.54 | 2.75 | 1.27 | 7.05 |
| 8 | Call Deposit/Total Deposit | 8.61 | 9.29 | 11.26 | 8.71 |
| 9 | NPL/ Total Loan^ | 5.41 | 6.13 | 12.19 | 5.60 |
| 10 | Total LLP /Total Loan | 5.84 | 5.63 | 10.38 | 5.90 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.18 | 5.90 | 5.68 | 5.26 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 8.23 | 6.99 | 7.86 | 8.12 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 14.68 | 11.87 | 11.26 | 14.40 |
| 3 | Total Liquid Assets/Total Deposit # | 37.36 | 26.93 | 34.73 | 36.47 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.60 | 10.74 | 10.84 | 9.70 |
| 2 | Total Capital/RWA | 12.52 | 13.70 | 13.79 | 12.63 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 4,950 | 1,115 | 293 | 6,358 |
| 3 | No. of Deposit Accounts | 54,114,392 | 7,859,866 | 1,091,736 | 63,065,994 |
| 4 | No.of Loan Accounts | 1,713,036 | 263,463 | 72,486 | 2,048,985 |
| 5 | No. of Branchless Banking Centers | 679 | 3 | - | 682 |
| 6 | No. of Branchless Banking Customers | 264,037 | 454 | - | 264,491 |
| 7 | No. of Mobile Banking Customers | 25,837,015 | 3,983,741 | 339,284 | 30,160,040 |
| 8 | No. of Internet Banking Customers | 1,818,918 | 616,311 | 20,751 | 2,455,980 |
| 9 | No. of ATMs | 4,782 | 337 | 37 | 5,156 |
| 10 | No. of Debit Cards | 12,525,972 | 1,375,568 | 86,015 | 13,987,555 |
| 11 | No. of Credit Cards | 328,677 | 5,075 | 861 | 334,613 |
| 12 | No. of Prepaid Cards | 280,045 | 4,842 | - | 284,887 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.29** |
| | (a) Saving | 2.85 |
| | (b) Fixed | 4.99 |
| | (c) Call | 0.65 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **6.64** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण

वित्त व्यवस्थापन विभागले असार १० गते काठमाडौंमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक राजेन्द्र भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंकका विभिन्न विभाग, कार्यालय, इकाइ र महाशाखाका कर्मचारीको सहभागिता थियो ।

कार्यक्रमको व्यावसायिक सत्रमा दुईवटा वार्ता प्रस्तुत गरिएको थियो । विभागका सहायक निर्देशक प्रतिभा थापाले 'लेखा निर्देशिका, २०८०' को भाग १ र २ तथा सहायक निर्देशक सुरक्षा सुवेदीले भाग ३ र ४ मा उल्लिखित मुख्य व्यवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक भट्टराईले लेखा निर्देशिकाको आवश्यकता, उपादेयता र प्रभावकारिताबारे चर्चा गर्दै कार्यक्रममा प्राप्त सुझावका आधारमा निर्देशिका कार्यान्वयनमा देखिएका समस्याको सम्बोधनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा विभागका निर्देशक कमलप्रकाश कालाथोकीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने का.मु. निर्देशक प्रियंका बस्न्यातले समापन मन्तव्य राख्नुभयो ।

विभागका प्रधान सहायक विश्वनाथ अधिकारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## कार्यकारी निर्देशकमा बढुवा

नेपाल राष्ट्र बैंकका निर्देशक गोविन्दप्रसाद नागिला कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) मा बढुवा हुनुभएको छ । बैंक सञ्चालक समितिको २०८३ असार ४ को निर्णयअनुसार उहाँको बढुवा भएको हो । बढुवासँगै उहाँ मानव संसाधन व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ । कार्यकारी निर्देशक नागिला २०५८ साउन २७ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो । *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ । ■

## अवकाश

लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक गोविन्दप्रसाद भण्डारीले २०८३ असार १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यसै गरी, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका उप-निर्देशक रेवतीराज पौडेल असार २२ र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक मञ्जुमाया अधिकारी असार १० देखि अवकाश हुनुभएको छ ।

उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

## उप-निर्देशक श्रेष्ठको निधन

टक्सार महाशाखाका उप-निर्देशक विष्णुबहादुर श्रेष्ठको २०८३ असार १३ गते असामयिक निधन भएको छ । विगत केही महिनादेखि अस्वस्थ रहनुभएका श्रेष्ठको उपचारका क्रममा निधन भएको हो । उहाँ ५५ वर्षको हुनुहुन्थ्यो । *नेपाल राष्ट्र बैंक समाचार* उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ । ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल